

# बजार अवलोकन ८९

भाद्र २०७५ †

**निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– तथ्य, नीति तथा नविनता ईकाइ,
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विभाग, बजार विकास, आर्थिक विश्लेषण र तथ्याङ्क शाखा
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***२०७५ भाद्र महिनामा आन्तरिक उत्पादन र आयातको कारण प्रयाप्त उपलब्धता भएकोले नेपालभरका १५ मुख्य बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरु सापेक्षिक रुपमा स्थिर वा न्यून रुपमा घटेको पाइयो ।***
- ***२०७५ श्रावण महिनामा समग्र स्फीतिदर ४.६ प्रतिशत रहयो भने खाद्य तथा पेय पदार्थको स्फीतिदर ३.९ प्रतिशत रहयो तथापि केहि खाद्य बस्तुहरुको स्फीतिदर सापेक्षिक रुपमा उच्च रहयो: तरकारीजन्य पदार्थहरु (१८.०%), दुध तथा दुध जन्य पदार्थहरु (७.२%) र अन्न बालीहरु (५.१ %) ।***

## मूल्य

२०७५ भाद्र महिनामा नेपालभरका १५ मुख्य बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यले मिश्रित प्रवृति देखाएको पाइयो (**चित्र १** मा हेर्नुहोस) :

- मासिक रुपमा मोटा चामल, गहुँको पिठो, कुखुराको मासु, भटमासको तेल र मुसुरोको दालको मूल्यहरु स्थिर रहेको पाइयो । रातो आलुको खुद्रा मूल्य ४.६ प्रतिशतले बृद्धि भयो भने मासको दाल र तोरीको तेलको मूल्य क्रमश: ३.४ र २.२ प्रतिशतले घटेको पाइयो ।
- अघिल्लो तीन महिनाको तुलनामा प्राय खाद्य बस्तुहरुको मूल्यले बढ्दो प्रवृति (trend) देखाए, भने अपवादको रुपमा मासको दाल र कुखुराको मासुको मूल्यले घट्दो प्रवृत्ति देखाए । रातो आलुको मूल्य १४.३ प्रतिशतको उच्च दरले बृद्धि भयो ।
- गतवर्ष सोही समयको तुलनामा मोटा चामलको र रातो आलुको मूल्य बाहेक प्राय जसो मूल्यहरुले घट्दो प्रवृत्ति देखाए । कालो दालको मूल्य १६.३ प्रतिशतको उच्च दरले वृद्धि भयो ।

हालको मूल्य प्रबृतिका प्रमुख कारणहरु मौसमी उतार चढाव साथ साथै बिना अवरोध यातायात सेवा संचालन र खाद्य तथा गैह्र खाद्य बस्तुहरुको नियमित आपूर्ति हुन ।

**चित्र नं. २** मा प्रस्तुत गरे अनुसार, क्षेत्रीय बजारहरुका खुद्रा मूल्यहरुले राष्ट्रिय औसतको भन्दा फरक प्रवृति देखाए । गत महिनाको तुलनामा, प्राय सबै बजारहरुमा मोटा चामल र मुसुरोको दालको मूल्यहरु, अपवाद स्वरुप मुसुरोको दालको मूल्य मुख्य उपभोक्ता बजारहरुमा र गहुँको पिठोको मूल्य हिमाली र पहाडी तथा तराईका बजारहरु मा बाहेक, बढ्दो प्रवृति रहयो । गत वर्ष सोही समयको तुलनामा प्रायजसो खाद्य बस्तुहरुको मूल्यहरु अपवादस्वरुप मुख्य उपभोक्ता बजारहरुमा मोटा चामलको र तराइ का बजारहरुमा गहुँको पिठो र मुसुरोको दालको मूल्य घट्दो प्रवृति बाहेक स्थीर रहे ।

गत एक महिनामा उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रद्वारा नियमित रुपमा अनुगमन गरिएका बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजार हरुको थोक मूल्यहरु अपवादस्वरुप मुसुरोको दालको बाहेक तुलनात्मक रुपमा घट्दो प्रवृति रहयो । कालीमाटी फलफुल तथा तरकारी बजारमा गत एक महिनामा अनुगमन गरिएका तरकारीको थोक मूल्यहरुले उच्च मौसमी उतार चढाव देखाए (**तालिका १** मा हेर्नुहोस): बाली भित्र्याउने समय भएकोले मासिक रुपमा भन्टा, रायोको साग, पालुङ्गो को साग, सिमी, गोलभेडा, चिप्ली भिन्डी र काउलीको मूल्यमा ११ प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने तितेकरेला, काको र घिरौलाको मूल्य ८ प्रतिशत भन्दा बढीका दरले घट्यो ।

नेपाल राष्ट्र बैंकका अनुसार समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) २०७५ श्रावण महिनामा १२१.३ भयो जुन मासिक रुपमा ०.८ प्रतिशतले बृद्धि हो । CPI वार्षिक स्फीतिदर ४.६ प्रतिशतले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको CPI ११७.४ मा कायम रहयो, जुन मासिक रुपमा १.९ प्रतिशत र वार्षिक रुपमा ३.९ प्रतिशतको बृद्धि हो; अन्य केहि खाद्यबस्तुहरुको CPI ले वार्षिक रुपमा तुलानात्मक रुपले बढ्दो प्रवृति देखाए; तरकारीजन्य पदार्थहरु (१८.०%), दुध तथा दुध जन्य पदार्थहरु (७.२%), र अन्न बालीहरु (५.१%) । गैह्र खाद्य बस्तु तथा सेवाहरु सम्बन्धि CPI १२४.३ भयो, जुन मासिक रुपमा ०.१ प्रतिशतको न्यून र वार्षिक रुपमा ५.१ प्रतिशतको बृद्धि हो ।

## आपूर्ति

आन्तरिक उत्पादनबाट प्रयाप्त उपलब्धता र बिना अवरोध यातायात सेवा सन्चालनको परिणाम स्वरुप नियमित रुपमा आयात भइरहेकोले देशभर खाद्य बस्तुहरुको आपूर्ति हालसम्म राम्रो र स्थीरता रहेको छ ।

## पूर्वानुमान

नेपालमा मुख्य चाडबाडहरुको शुरुवातसँगै आउंदो महिनामा माग बढ्ने र सार्वजनिक यातायातको भाडा बृद्धि संगै प्राय खाद्य बस्तुहरुको मूल्य बढ्ने अनुमान गरिएको छ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका अनुसार मनसुनको आगमन समयमै र नियमित अन्तरालमा बर्षा भएकोले ९५ प्रतिशत भन्दा बढी धान बाली - नेपालको प्रमुख खाद्यान्न बाली- को रोपाइ भइसकेको छ । यसले नेपालमा धानको उत्पादन बढाउन सहयोग गर्नेछ ।

**तालिका १: मासिक रुपमा मुख्य वस्तुहरुको मूल्यमा भएको अत्याधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/ केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| भन्टा, रायोको साग, पालुङ्गो को साग, सिमी, गोलभेडा, चिप्ली भिन्डी र काउली | विभिन्न | > ११ | कृषि उत्पादन रिक्त हुने समय भएको हुनाले आपुर्तिमा कमि आएको । |
| परवल, पालुङ्गोको साग, रायो को साग | विभिन्न | > -८ | बाली भित्र्याउने समय भएको हुनाले आपूर्तिमा बृद्धि । |

**चित्र १: १२ महिनाको औसत खुँद्रा मूल्य ***




**चित्र २: मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




Nepal Food Security Monitoring System (NeKSAP) website: http://www.neksap.org.np

† मूल्यहरु २०७५ असार महिनाको बजार मूल्यसँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-८९

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- भाद्र २०७५

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ५५.० | -१.८ | १०.० | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ४६.० | २.२ | २.२ | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १४०.० | -६.७ | ०.० | - | ▼ | ▶ | - |
| | कुखुराको मासु | ३३०.० | ०.० | -२.९ | - | ▶ | ▶ | - |
| | मुसुरो | १००.० | -९.१ | -१६.७ | - | ▼ | ▼ | - |
| | आलु | ५०.० | ०.० | ११.१ | - | ▶ | ▲ | - |
| पोखरा | मोटा चामल | ५२.० | ०.० | ८.३ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४७.० | -२.१ | -२.१ | -६.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२५.० | -३.८ | -३.८ | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | -२.४ | -७.० | -७.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९८.० | २.१ | -२४.६ | -४२.४ | ▶ | ▼ | ▼ |
| | आलु | ४२.० | -४.५ | -६.७ | -१९.२ | ▶ | ▶ | ▼ |
| सुर्खेत | मोटा चामल | ५०.० | १३.६ | ११.१ | - | ▲ | ▲ | - |
| | गहुँको पिठो | ४४.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १४०.० | -६.७ | ०.० | - | ▼ | ▶ | - |
| | कुखुराको मासु | ३४०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मुसुरो | १२०.० | ४.३ | ९.१ | - | ▶ | ▶ | - |
| | आलु | ४५.० | २८.६ | १२.५ | - | ▲ | ▲ | - |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटा चामल | ४२.० | ०.० | -६.७ | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ४५.० | ०.० | ७.१ | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १३०.० | ०.० | १०.२ | - | ▶ | ▲ | - |
| | कुखुराको मासु | ३२०.० | ६.७ | -१.८ | - | ▲ | ▶ | - |
| | मुसुरो | ९०.० | ०.० | ५.९ | - | ▶ | ▶ | - |
| | आलु | ५०.० | २५.० | ५१.५ | - | ▲ | ▲ | - |
| जनकपुर | मोटा चामल | ४३.० | २.४ | २.४ | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३२०.० | ६.७ | ६.७ | - | ▲ | ▶ | - |
| | मुसुरो | १२५.० | ०.० | २५.० | - | ▶ | ▲ | - |
| | आलु | ३५.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| विरगंज | मोटा चामल | ४५.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ४२.० | ५.० | ५.० | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १३०.० | -८.५ | -३.७ | - | ▼ | ▶ | - |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मुसुरो | ९०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | आलु | ४०.० | ५.३ | १४.३ | - | ▲ | ▲ | - |
| धनगढी | मोटा चामल | ४०.० | ०.० | -११.१ | ०.० | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ३४.० | ०.० | ०.० | -२.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ७.७ | ७.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | -६.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | -१६.७ | ▶ | ▶ | ▼ |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| नेपालगंज | मोटा चामल | ४४.० | ४.८ | -१२.० | १५.८ | ▶ | ▼ | ▲ |
| | गहुँको पिठो | ४२.० | ०.० | ०.० | -४.५ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | -२.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | -६.३ | -११.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | २०.० | २०.० | -८.४ | ▲ | ▲ | ▶ |
| | आलु | ५५.० | ३७.५ | ८३.३ | २२३.५ | ▲ | ▲ | ▲ |

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ५०.० | ०.० | ११.१ | - | ▶ | ▲ | - |
| | गहुँको पिठो | ३६.० | -१०.० | -५.३ | - | ▼ | ▶ | - |
| | भटमासको तेल | १२५.० | -३.८ | ५.९ | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३४०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मुसुरो | ७६.० | -५.० | -५.० | - | ▶ | ▶ | - |
| | आलु | ३५.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| मकवानपुर | मोटा चामल | ५०.० | -३.८ | ०.० | - | ▶ | ▶ | - |
| | गहुँको पिठो | ५०.० | १३.६ | १३.६ | - | ▲ | ▲ | - |
| | भटमासको तेल | १३५.० | -७.५ | -३.६ | - | ▼ | ▶ | - |
| | कुखुराको मासु | ३१०.० | -३.१ | -३.१ | - | ▶ | ▶ | - |
| | मुसुरो | ९५.० | -९.५ | -१३.६ | - | ▼ | ▼ | - |
| | आलु | ४५.० | १२.५ | ४०.६ | - | ▲ | ▲ | - |
| धनकुटा | मोटा चामल | ४५.० | ०.० | ०.० | १८.४ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | ०.० | ८.३ | ४.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३४०.० | ०.० | -५.६ | ३.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०५.० | ५.० | ५.० | -१२.५ | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ११.१ | ६६.७ | ४२.९ | ▲ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | ४२.० | ०.० | -२२.२ | - | ▶ | ▼ | - |
| | गहुँको पिठो | ४२.० | ५.० | ५.० | - | ▶ | ▶ | - |
| | भटमासको तेल | १४०.० | ०.० | ७.७ | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३५०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मुसुरो | १२०.० | ९.१ | ४.३ | - | ▲ | ▶ | - |
| | आलु | ४५.० | २८.६ | २८.६ | - | ▲ | ▲ | - |
| सांफेबगर | मोटा चामल | ४४.० | २.३ | १०.० | ४.८ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | २.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६५.० | ३.१ | १०.० | -२.९ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १७०.० | १३.३ | २१.४ | -१५.० | ▲ | ▲ | ▶ |
| | आलु | ४५.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| जुम्ला | मोटा चामल | ५०.० | ०.० | -९.१ | -९.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ५०.० | ०.० | -९.१ | -९.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ७.१ | -१६.७ | ▶ | ▶ | ▼ |
| | कुखुराको मासु | ४५०.० | ०.० | ४.७ | -१८.२ | ▶ | ▶ | ▼ |
| | मुसुरो | १५०.० | ७.१ | ०.० | -१६.७ | ▲ | ▶ | ▼ |
| | आलु | ४०.० | ०.० | -२०.० | ३३.३ | ▶ | ▼ | ▲ |
| बाजुरा | मोटा चामल | ४६.० | १५.० | १५.० | ७.० | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | ४७.० | ४.४ | ६.८ | ४.४ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १९०.० | ५.६ | १८.८ | ५.६ | ▲ | ▲ | ▶ |
| | कुखुराको मासु | ४६०.० | २.२ | ४.५ | ४.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १९०.० | ५.६ | २६.७ | -१३.६ | ▲ | ▲ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| **सडक पहुँच नभएका हिमाली बजारहरु** | | | | | | | | |
| डोल्पा | मोटा चामल | ८०.० | ०.० | -४०.७ | -४४.८ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | १२०.० | २०.० | २०.० | ०.० | ▶ | ▼ | ▼ |
| | भटमासको तेल | २००.० | ५.३ | ८.१ | -९.१ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | ५५०.० | ०.० | १०.० | १०.० | ▲ | ▶ | ▶ |
| | मुसुरो | २८०.० | ०.० | २७.३ | -६.७ | ▲ | ▶ | ▼ |
| | आलु | ४२.० | ५.० | २०.० | -७२.० | ▲ | ▼ | ▼ |
| हुम्ला | मोटा चामल | १६५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १५०.० | ०.० | ०.० | -११.८ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २६०.० | ०.० | ०.० | -१३.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ५००.० | ०.० | ०.० | -१६.७ | ▶ | ▶ | ▼ |
| | मुसुरो | ३००.० | -१४.३ | -१४.३ | -२१.१ | ▼ | ▼ | ▼ |
| | आलु | ५०.० | -१६.७ | -१६.७ | -१६.७ | ▼ | ▼ | ▼ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

* यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५% सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, तथ्य, नीति तथा नविनता ईकाइ, नेपालले कृषि विभाग, बजार बिकास,आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा, नेपाल उद्योग वाणिज्य महासंघ र उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक अंशका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीद्बारा प्रकाशित सम्पूर्ण सामग्रीहरु NeKSAP को विद्युतीय ठेगाना http://www.neksap.org.np मा हेर्न सकिनेछ । थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४४१ मा सम्पर्क राख्न सकिनेछ ।